कृषि, भूमि व्यवस्था तथा ...

**प्राङ्गारिक कृषि उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी सम्भाव्यता अध्ययन सम्बन्धमा कार्यक्षेत्रगत शर्त**
**(Terms of Reference)**

## क. पृष्ठभूमि र उद्देश्य

माटोको उर्वराशक्ति वृद्धि गरी कृषिको उत्पादकत्व वृद्धि गर्न रासायनिक मलसँगै प्राङ्गारिक र जैविक मल, मिश्रित मल, झोल मल आदि जस्ता विकल्पको प्रयोग बढाउन नीतिगत र कार्यक्रमगत प्राथमिकता दिन आवश्यक रहेको छ। रासायनिक मल तथा बिषादीको प्रयोगबाट हुने नकारात्मक असर तथा यसको जथाभावी प्रयोग गर्दा हुने हानिका सम्बन्धमा चेतना अभिवृद्धि गर्दै, उपयुक्त प्रविधि विकास गरी प्राङ्गारिक र जैविक मलको उत्पादन र प्रयोगमा वृद्धि गरी माटोको उर्वराशक्ति बढाउँदै कृषिको उत्पादकत्व र उत्पादन वृद्धि गर्नु नै दीर्घकालका लागि उपयुक्त विकल्प हो। यसका लागि अनुसन्धान र प्रविधि विकास लगानी र प्रविधि विस्तारमा पर्याप्त सहयोग आवश्यक पर्छ।

तसर्थ नेपालमा कृषि खेतीमा रासायनिक मल तथा विषादीको प्रयोगबाट माटो र मानव स्वास्थ्यमा समेत प्रतिकूल असर पारिराखेको अवस्थालाई मनन गर्दै रुकुम जिल्लासँगै सम्भावित अन्य क्षेत्रमा प्राङ्गारिक खेतीलाई प्राथमिकता दिँदै लुम्बिनी प्रदेश सरकारले आ.व. २०८१/०८२ को बजेट वक्तव्य मार्फत प्राङ्गारिक कृषि उत्पादनलाई अभियानकै रुपमा अघि बढाउने प्रयत्न गरेको छ। त्यसैले लुम्बिनी प्रदेशभित्र प्राङ्गारिक खेतीका लागि सम्भाव्य स्थानहरु पहिचान भई उत्पादित प्राङ्गारिक कृषि उपजको प्रमाणीकरण, प्रशोधन तथा बजारीकरण र मूल्य श्रृङ्खला विकास गरी उपभोक्तालाई उत्पादकसम्म जोड्ने खालका कार्यक्रमहरु सञ्चालनमा सहयोग पुग्ने उद्देश्यले प्राङ्गारिक कृषि उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी सम्भाव्यता अध्ययन गर्नुपर्ने देखिएकोले उक्त अध्ययन कार्यक्रमका कार्यक्षेत्रगत शर्त तयार गरिएको छ।

## ख. कार्यक्षेत्रगत शर्तहरु

यस अध्ययनको कार्यक्षेत्रगत शर्तहरु देहाय बमोजिम रहनेछः-

- प्रदेशभित्रका पहाडी ६ जिल्ला (अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा, रुकूम-पूर्व) मा प्राङ्गारिक कृषि व्यवसायमा संलग्न कृषकहरु, संघ संस्थाहरुको विवरण तयार गर्नुका साथै कृषकले अवलम्बन गरेका प्राङ्गारिक उत्पादन पद्धति र सो पद्धतिबाट लगाइएको बालीको क्षेत्रफल, उत्पादन सहितको सम्पूर्ण विवरण तयार गर्नु पर्नेछ।
- उल्लिखित जिल्लामा प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण पद्धति अवलम्वन गरी लगाइएको बालीको क्षेत्रफल, उत्पादन सहितको विवरण तयार गर्नु पर्नेछ।
- प्रदेशभित्रका विभिन्न स्थानमा प्राङ्गारिक कृषि उत्पादनका लागि प्रयोग गरिने प्राङ्गारिक मल, जैविक मल, कम्पोष्ट मल, झोल मल, गैर रासायनिक विषादी आदिको उत्पादन र उपलब्धताको अवस्था सम्बन्धमा विवरण तयार गर्नु पर्नेछ।

२०८१/१२/१८

१

सचिव

CamScanner

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

- उल्लिखित जिल्लामा उत्पादित प्राङ्गारिक कृषि उपजको बजारीकरणको स्थिति; बजार मूल्य र सञ्चालित मूल्य श्रृंखला विकासका क्रियाकलापहरुको विवरण तयार गर्नु पर्नेछ।
- लुम्बिनी प्रदेशको मुख्य बजारहरुमा (नेपालगंज, कोहलपुर, बुटवल, घोराही र भैरहवा) प्राङ्गारिक कृषि उपजको मागको अवस्थाको विवरण तयार गर्नु पर्नेछ।
- उल्लिखित जिल्लामा सम्भावित प्राङ्गारिक कृषि खेतीका उपयुक्त स्थान पहिचान गर्नुका साथै उत्पादित प्राङ्गारिक कृषि उपजको प्रमाणीकरण, प्रशोधन एवं बजारीकरण र मूल्य श्रृङ्खला विकासका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापको प्राथमिकीकरण सहितको विवरण तयार गर्नु पर्नेछ।
- प्राङ्गारिक उत्पादन र बजारीकरणका सम्बन्धमा देखिएका समस्या/चुनौतीहरु पहिचान गर्नु पर्नेछ।
- उल्लिखित जिल्लामा प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्नका लागि अवलम्बन गरिनुपर्ने नीतिगत र कार्यगत रणनीतिसहितको सुझाव पेश गर्नु पर्नेछ।

**ग. अध्ययन कार्यक्रमको अपेक्षित उपलब्धीः** देहाय वमोजिमको अपेक्षित उपलब्धि हुनेछ ।

- प्राङ्गारिक कृषि उपजको उत्पादन, प्रमाणीकरण, बजारीकरणको अवस्थाको सम्बन्धमा जानकारी हुनुका साथै प्राङ्गारिक कृषि क्षेत्रमा देखिएका समस्या/चुनौतीहरु पहिचान भई प्रदेश सरकारलाई नीति/योजना निर्माणको लागि सहयोगी हुने।
- प्राङ्गारिक कृषि उपज प्रवर्द्धनका लागि संस्थागत आधारभूत संरचना, रणनीति, नीतिगत सुदृढीकरणका लागि सहयोग पुग्ने।

**घ. अध्ययन विधि**

- विभिन्न द्वितीय सूचनाका स्रोतहरु; प्रकाशित लेख, रचना, पुस्तक, अध्ययन, अनुसन्धानमा प्राङ्गारिक कृषि खेती सम्वन्धी प्रेषित खोज, व्यवस्थाहरुको अध्ययन विश्लेषण गर्ने।
- प्राङ्गारिक खेती सम्वन्धी मौजूदा नीति, नियमहरुको अध्ययन विश्लेषण गर्ने।
- विभिन्न संघ/संस्था र अन्य स्रोतबाट प्राप्त भएका प्राङ्गारिक कृषि सम्वन्धी तथ्याङ्कलाई भौगोलिक हिसावले प्रतिनिधित्व हुने गरी Data Triangulation गर्ने।
- प्रदेशभित्रका पहाडी ६ जिल्लामा सम्भावित प्राङ्गारिक कृषि खेतीका लागि उपयुक्त स्थानको स्थलगत भ्रमण, सरोकारवालाहरुसँग सामूहिक छलफल (FGD) साथै Key Informant Interview (KII), कृषक घरधुरी सर्वेक्षण, बजार अध्ययन लगायत अन्य वैज्ञानिक विधिको प्रयोग गरी अन्तरक्रिया गर्ने।

**ङ. परामर्शदाता फर्मको योग्यता र अनुभवः** यस अध्ययन कार्यक्रम अन्तर्गत परामर्शदाता फर्मको योग्यता र अनुभव तपशिल वमोजिमको हुनुपर्नेछ।

- सम्वन्धित निकायमा दर्ता भई PAN/VAT मा दर्ता भई कारोबार भएको हुनुपर्नेछ।
- सम्वन्धित क्षेत्रमा कम्तिमा २ बर्ष कार्य गरेको अनुभव भएको हुनु पर्नेछ।
- फर्मले कृषि क्षेत्र र सामाजिक आर्थिक विज्ञान क्षेत्रको विषयहरुमा अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन तयार गरेको हुनु पर्नेछ।
- मन्त्रालयमा प्रस्ताव पेश गर्दा फर्मको गत आ.व.को कर चुक्ताको प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ताको प्रमाणपत्र, फर्म सम्बन्धी जानकारी तथा फर्मको कार्यअनुभव

२०७९।१२।१६



२०७९।१२।१६
सचिव

* तथा बार्षिक आयको विवरण (Annual Turnover of firm), फर्म तथा कार्यमा संलग्न हुने विज्ञहरुको CV तथा कार्य अनुभवको विवरण अनिवार्य पेश गर्नु पर्नेछ।
* पेश भएको प्रस्तावको प्रत्येक पानामा फर्मको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

**च. परामर्श टिममा टोली प्रमुख र स्रोत व्यक्तिमा हुनु पर्ने योग्यताः** यस सम्बन्धी विषयमा अध्ययन गर्नको लागि तपसिल अनुसारको विज्ञ सहितको टिम भएको हुनु पर्नेछ।

| सि.नं. | जनशक्तिको विवरण | योग्यता | संख्या | अवधि | गर्नुपर्ने काम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टोली प्रमुख | कम्तीमा वि.एस्सी.एजी उत्तीर्ण भई १० वर्षको अनुभव वा एम.एस्सी.एजी गरी ५ वर्षको अनुभव प्राप्त | १ | १.५ महिना | मस्यौदा तयारी तथा प्रस्तुति | बायोडाटा अनिवार्य संलग्न राख्नुपर्नेछ। |
| २ | स्रोत व्यक्ति | वि. एस्सी. एजी. वा सो सरह | १ | १.५ महिना | तथ्याङ्क संकलन तथा कम्पाइलेसन | बायोडाटा अनिवार्य संलग्न राख्नुपर्नेछ। |
| ३ | सर्वेक्षक | कम्तीमा दश कक्षा उत्तीर्ण | ३ | १ महिना | तथ्याङ्क संकलन | |

**छ. अध्ययनको अवधिः** परामर्शदातासँग सम्झौता भएको मितिले ४५ दिनभित्र कार्य सम्पन्न गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

**ज. मन्त्रालयले परामर्शदातालाई उपलब्ध गराउने सूचना तथा सुविधाको विवरणः** यसै अध्ययन शर्तहरुको कामसँग सम्वन्धित अध्ययन तथा मस्यौदा कार्यविधि तयार गर्न मन्त्रालयमा भएका आधारभूत तथ्यांक तथा जानकारीहरु मन्त्रालयले उपलब्ध गराउनेछ। अन्य जानकारीहरु सेवा प्रदायक आफैले सम्बन्धित सरोकारवाला निकायहरुबाट संकलन गर्नुपर्नेछ ।

**झ. परामर्शदाताले पेश गर्नु पर्ने विवरण र समयावधिः** यस अध्ययनका लागि परामर्शदाताले पेश गर्नु पर्ने विवरण र समयावधि देहाय वमोजिम हुनुपर्नेछः-

* प्राङ्गारिक कृषि उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी सम्भाव्यता अध्ययन सम्बन्धमा कार्ययोजना सहितको विस्तृत अध्ययन खाका (Inception workshop) प्रस्तुतिः सम्झौता भएको १५ दिन भित्र।
* प्राङ्गारिक कृषि उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी सम्भाव्यता अध्ययन सम्बन्धमा अध्ययन विश्लेषण सिफारिसको प्रारम्भिक मस्यौदाः सम्झौता भएको ३० दिन भित्र।
* प्राङ्गारिक कृषि उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी सम्भाव्यता अध्ययन सम्बन्धमा अध्ययन विश्लेषण सिफारिसको प्रतिवेदनको मस्यौदा सरोकारवालाहरुको संलग्नतामा वैधता परिक्षण/प्रमाणिकरण प्रस्तुति (Validation workshop): सम्झौता भएको ४० दिन भित्र।
* गोष्ठीमा उठेका जिज्ञासा तथा रायसुझाव समेत समेटेर तयार गरिएको प्रतिवेदनको अन्तिम मस्यौदा प्रति ५ (Digital and Hardcopy) : सम्झौता भएको ४५ दिन भित्र।

सचिव

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

ञ. अध्ययन कार्यक्रमको मूल्याङ्कन सम्बन्धमाः परामर्शदाताको छनोट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार गुणस्तर र लागत विधिबाट गरिनेछ। गुणस्तर मूल्याङ्कनका लागि परामर्शदाता/प्रस्तावकले पेश गरेको जनशक्ति, योग्यता, सम्बन्धित काममा अनुभवलाई आधार मानिनेछ।

ट. भूक्तानी प्रकृयाः विस्तृत कार्य योजना सहित प्रारम्भिक प्रतिवेदन स्वीकृत भए पश्चात वैधता परिक्षण/प्रमाणिकरण गोष्ठी (Validation workshop) मार्फत अन्तिम प्रतिवेदन तयार भई स्वीकृत भएपछि मात्र सम्झौतामा उल्लेख भए बमोजिमको रकम कार्य सम्पन्नताका आधारमा भूक्तानी गरिनेछ। परामर्शदाताबाट प्राप्त प्रतिवेदनहरु स्वीकृत गर्नुपूर्व मन्त्रालयले प्रतिवेदन उपर राय सुझाव दिन सक्नेछ र सो राय सुझावलाई प्रतिवदेनमा समावेश गरी स्वीकृत गर्न सकिनेछ।

ठ. लागत अनुमानः यस प्रयोजनको लागि कूल उपलब्ध बजेट बढीमा ९९९५२२।- (नौ लाख उनान्सय हजार पाँच सय बाइस रुपियाँ मात्र) रहेको छ। तसर्थ प्रस्तावक (परामर्शदाता) ले प्रतिवेदन तयार गर्न आवश्यक जनशक्तिका तलब, फिल्ड भ्रमण खर्च, कार्यालय सञ्चालन खर्च र अन्य खर्च लगायतका सम्पूर्ण खर्च उल्लेख हुने गरी प्रस्तावित लागत अनुमान समेत पेश गर्नुपर्नेछ। लागत पेश गर्दा शोध भर्ना हुने र नहुने विषयवस्तुहरुलाई भिन्ना भिन्नै कोलममा राखी प्रस्तावित रकम पेश गर्नु पर्नेछ।

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टोली प्रमुख पारिश्रमिक | | | | | |
| २ | स्रोत व्यक्ति पारिश्रमिक | | | | | |
| ३ | सर्वेक्षक-३ पारिश्रमिक | | | | | |
| ४ | दैनिक भ्रमण तथा यातायात खर्च — टोली प्रमुख | | | | | |

सचिव

CamScanner

कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| सि.नं. | विवरण | | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्राविधिक अधिकृत | | | | | |
| | | सर्वेक्षक-३ | | | | | |
| ५ | स्टेशनरी खर्च | | | | | | |
| ६ | Inception Report र Report for Validation प्रस्तुति बैठक/गोष्ठी | | | | | | |
| ७ | कार्यालय संचालन तथा अन्य खर्च | | | | | | |
| ८ | वीमा रकम | | | | | | |
| ९ | जम्मा | | | | | | |
| १० | मूल्य अभिवृद्धि कर १३ प्रतिशत | | | | | | |
| ११ | भ्याट सहित कुल जम्मा रकम | | | | | | |

नोटः सि.नं. १ देखि ४ सम्मका विवरणहरु सोझै भुक्तानी हुने शिर्षकमा र सि.नं. ५ देखि ११ सम्मका विवरणहरु शोध भर्ना हुने शिर्षकमा रहने छन्। शोध भर्ना हुने शिर्षकमा भुक्तानी माग गर्दा सक्कल विल संलग्न राखी पेश गर्नुपर्नेछ।

ङ. मूल्याङ्कन आधारः प्राप्त प्रस्तावहरुको आर्थिक तथा प्राविधिक मूल्याङ्कनमा सवैभन्दा बढी अंक प्राप्त गर्नेलाई छनोट गरिनेछ। प्राविधिक पक्षको अंकभार ८० % कायम गरिनेछ भने आर्थिक प्रस्तावको अंक भार २० % कायम हुनेछ। प्रस्तावहरुलाई तपसिल बमोजिमको मूल्याङ्कन सूचकका आधारमा मूल्याङ्कन गरिनेछ।

प्राविधिक पक्षको मूल्याङ्कन आधार

गण्डकी
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

आर्थिक पक्षको मूल्याङ्कनः सवैभन्दा न्यून रकम कबोल गर्नेलाई २० अंकभार कायम गरी अन्य प्रस्तावकलाई प्रस्ताव रकमको आधारमा अंकभार कायम गरिनेछ।

ढ. लागत अनुमानः देहाय बमोजिमको शीर्षकहरुमा लागत अनुमान पेश गर्नुपर्नेछ।

२०८१/१२/१६

२०८१/१२/१६
सचिव



CamScanner

| क्रसं. | तह | ईकाई | दर | परिमाण | लागत रकम रु |
|---|---|---|---|---|---|
| १ | टोली प्रमुख पारिश्रमिक (बढीमा १ जनासम्म) | कार्य दिन (बढीमा २५) | | | |
| २ | स्रोत व्यक्ति पारिश्रमिक (बढीमा १ जनासम्म) | कार्य दिन (बढीमा २५) | | | |
| ३ | सर्वेक्षकको पारिश्रमिक (बढीमा ३ जनासम्म) | कार्य दिन (बढीमा ९०) | | | |
| ४ | दैनिक भ्रमण तथा यातायात खर्च | दिन | | | |
| ५ | स्टेशनरी खर्च | एकमुष्ट | | | |
| ६ | कार्य योजना तथा अध्ययन खाका (Inception Report) बैठक र बैधता परिक्षण गोष्ठि / बैठक | एकमुष्ठ | | | |
| ७ | कार्यालय संचालन तथा अन्य खर्च | एकमुष्ट | | | |
| ८ | कुल रकम (क्र.सं. १-८ सम्म) | | | | |
| ९ | वीमा रकम (कूल रकम १० को १ प्रतिशत) | | | | |
| १० | मुल्य अभिवृद्धि कर १३ प्रतिशत | | | | |
| ११ | भ्याट सहित कुल लागत रकम | | | | अधिकतम ९ लाख ९९ हजार ५ सय २२ रुपियाँ |

ण. अन्तिम मूल्याङ्कनः प्राविधिक प्रस्ताव (कूल ८० अंक) र आर्थिक प्रस्ताव (कूल २० अंक) को कूल मूल्याङ्कन अंक १०० मानी मूल्याङ्कन गरिनेछ।

त. अन्य विविध विषयवस्तुहरुः प्रतिवेदन तयार गर्न आवश्यक पर्ने कुनै पनि प्रकारका सामग्रीहरु मन्त्रालयबाट छुट्टै उपलब्ध हुने छैन। कार्यक्रमको अनुगमन मन्त्रालयले गर्ने छ। यस मन्त्रालयलाई तहाँ संस्थावाट पेश भएको अन्तिम प्रतिवेदनको मस्यौदाको सर्वाधिकार रहने छ र संस्थाले सो दस्तावेज उपर कुनै दावी गर्न पाउने छैन। अन्य विषयको हकमा प्रदेश सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछ।

२०८०/१२/१६    २०८०/१२/१६    २०८०/१२/१६ सचिव